# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन
बागमती प्रदेश, नेपाल

पत्र सं.: ०८३/०८४
च. नं. - २६

मिती: २०८३/०४/०६

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(सुशासन प्रबर्द्धन शाखा)
सिंहदरबार, काठमाडौं

**विषय:- सूचनाको हक कार्यान्वयन सम्बन्धी अद्यावधिक प्रगति विवरण सम्बन्धमा।**

प्रस्तुत विषयमा त्यस कार्यालयको चलानी नं. : २, पत्र सङ्ख्या : ०८३/८४, मिति : २०८३ श्रावण ०४ गतेको सूचनाको हक कार्यान्वयन सम्बन्धी प्रगति विवरण सम्बन्धी पत्र र सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सो को नियमावलीको नियम (३) बमोजिम सबै सार्वजनिक निकायले प्रत्येक तीन / तीन महिनामा विवरण अद्यावधिक गरी स्वतः प्रकाशन गर्नुपर्ने व्यवस्था बमोजिम यस कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०८२/०८३ को चौथो त्रैमासिक तथा वार्षिक रुपमा सम्पादन गरेको विवरण अद्यावधिक गरि सूचनाको हक सम्बन्धी विवरण सार्वजनिक गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

ई. राजेश कोइराला
सूचना अधिकारी

बोधार्थ:
श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, प्रेस तथा सूचना समन्वय शाखा।
श्री राष्ट्रिय सूचना आयोग, त्रिपुरेश्वर, काठमाण्डु।
श्री जिल्ला प्रशासन कार्यालय भरतपुर चितवन : जानकारीका लागि।
श्री जिल्ला हुलाक कार्यालय भरतपुर चितवन : जानकारीका लागि।

फोन नं.: ०५६-४१३१३६, ४१३१३७
E-mail: kalikanagarpalika@gmail.com
Website: www.kalikamunchitwan.gov.np
www.kalikamun.gov.np

सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ५ को उपदफा ३ संग सम्बन्धित सार्वजनिक निकायले प्रत्येक ३/३ महिनामा प्रकाशन गर्नुपर्ने बिवरण।

मिति २०८३/०४/०६

२०८३ बैसाख देखि २०८३ असार मसान्त सम्म

१. नेपालको संविधानले व्यवस्था गरे बमोजिम स्थानीय सरकारको भूमिका |

२. निकायको काम कर्तव्य र अधिकार : स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ अनुसार तोकिएको काम कर्तव्य र अधिकार सम्बन्धि कार्यहरु |

**प्रशासन शाखाः**

| दरवन्दी तथा पदपुर्ति अवस्थाः | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| स्थायी कर्मचारीहरुः नगरपालिकाको कार्यालय र वडा कार्यालयतर्फ | | | | | अस्थायी कर्मचारीहरुः (करार तथा ज्यालादारी) | | |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | १ | नगरपालिका तथा वडातर्फ करार | ५० |
| जम्मा | ६० | ५१ | २ | ० | २ | स्वास्थ्यतर्फ करार | ४७ नगर अस्पताल समे |
| स्वास्थ्यतर्फ नगर अस्पताल, स्वास्थ्य चौकी र प्रास्वाके समेत | | | | | ३ | ज्यालादारी | २१ |
| | जम्मा दरबन्दी | पदपुर्ति | रिक्त | बढी पदपुर्ति | ४ | जम्मा | ११८ |
| जम्मा | ३१ | ३२ | ० | १- स्वास्थ्य मन्त्रालयवाट काज | कामकाजमा भएका कर्मचारी संख्या- २०१ | | |
| | | | | | | | |

- कार्यपालिका बैठकः संख्या ४ वटा
- नगर सभा बैठक: २ वटा

**आर्थिक प्रशासन शाखा र आन्तरिक लेखापरीक्षण एकाईः**

**क. हाल सम्मको बजेट खर्चको अवस्थाः**

| क्र.स | विवरण | खर्च अनुमान | खर्च रु. | खर्च % |
|---|---|---|---|---|
| १ | चालु खर्च | ५५,०२,७१,६३५. | ४३,२२,५२,४५७.९७ | ७८.५५ |
| २ | पूँजीगत खर्च | ४३,९०,७३,३६५ | २४,००,९७,७२६.४८ | ५४.६८ |
| जम्मा खर्च | | ९८,९३,४५,००० | ६७,२३,४३,१८४.४१ | ६७.९५ |

**ख. कालिका नगरपालिकाको संचितकोषको अवस्थाः**

| क्र.स | विवरण | प्रस्तावित आय रु. | वास्तविक आय रु. |
|---|---|---|---|
| १. | संघीय अनुदान | ४३,८७,६१,०००.०० | ४०,४७,४६,३०६.०० |
| २. | प्रदेश अनुदान | ६,९२,४१,०००.०० | ५,७७,१२,७१९.०० |

राजेश कोइराला
इन्जिनियर

| | | | |
|---|---|---|---|
| ३. | *राजश्व बाँडफाँड* | २७,२३,४३,००० | २१,०४,०७,९१४.१५ |
| ४. | *आन्तरिक स्रोत* | ७,००,००,००० | ४,२४,५९,१३८.३६ |
| ५. | *गत आ.व को बैंक मौज्दात* | १२,००,००,००० | ७,५६,१५,४१२ |
| ६. | *अन्य संस्थागत आन्तरिक अनुदान* | ४०,००००० | - |
| ७. | *जनसहभागिता* | १,५०,००,००० | ३०,५९,१००.०० |
| ९. | कुल जम्मा | ९८,९३,४५,००० | ७९,६७,००,६६९.५३ |

**महिला बालबालिका तथा समाजकल्याण उपशाखाः**

→ ज्येष्ठ नागरिक परिचय पत्र वितरणः महिला-३८जना, पुरुष- ३५ जना, जम्मा- ७३जना।

→ अपाङ्गता परिचयपत्र वितरणः पूर्ण अशक्त अपाङ्गता (रातो) - ११जना, अति अशक्त अपाङ्गता (निलो) -२१ जना, मध्यम अपाङ्गता (पहेलो) - ८ जना र सामान्य अपाङ्गता (सेतो) - २ जना जम्माः ४२जना

→ समुदायमा आधारित पुनस्थापना सहयोग (सि.वि.आर) कार्यक्रमबाट पूर्ण अशक्त अपाङ्गता भएका र अति अशक्त अपाङ्गता भएका व्यक्तिको अभिभावक वा संरक्षकहरुलाइ प्रजनन् योग्य बाख्राको पाठीहरु वितरण कार्य सम्पन्न। दलित – १ जना, जनजाती – ३३ जना र अन्य – १७ जम्मा - ५१ जना।

→ ज्येष्ठ नागरिक धार्मिक भ्रमण माडी नगरपालिकामा रहेको विभिन्न धार्मिक तथा ऐतिहासिक स्थानहरुको भ्रमण सम्पन्न। महिला - २५ जना र पुरुष- ८९ जना जम्मा - ११४जना ।

→ एकल महिलाहरुलाइ अध्ययन अवलोकन भ्रमण पाल्पा जिल्लाको रामपुर नगरपालिकामा गरिएको। दलित-४ जना, जनजाती- ९जना,अन्य-१५ जना, जम्मा-२८ जना।

→ महिलाहरुलाइ नौमती बाजा तालिम (टेवा समेत) चेतनाचेलीका सदस्यहरुलाइ १५ दिने नौमती बाजा तालिम सम्पन्न।दलित - १जना,जनजाती - १६जना जम्मा- १७ जना।

→ अपाङ्गता भएका व्यक्तिहरुलाइ सहायता सामाग्री खरिद गरिएको। हुइलचियर -१४ थान,बैशाखी-३थान र Hearing Aid Set-३ थान।

**स्वास्थ्य शाखा :**

→ मृगौला प्रत्यारोपण गरेका,डायलाइसिस गराइरहेका,क्यान्सर रोगी तथा मेरुदण्ड पक्षघात भएका बिरामीहरुले मासिक रुपामा पाउने उपचार खर्च सम्बन्धित ब्यक्तीको बैक खाता मार्फत असार मसान्त सम्मको रकम भुक्तानी गरिएको ।

→ ८० बर्ष माथिका जेष्ठ नागरिक र रातो कार्ड पाएका अपाङ्गता भएका जना ब्यक्तिहरुको घर भेट गरी ५४९ जनाको

→ स्वास्थ्य परोक्षण कार्यक्रम सम्पन्न गरोएको।

→ कालिका नगरपालिका लाई पुर्ण खोप युक्त पालिका घोषणा गरी पुर्ण खोपको दिगोपना सुनिश्चित गरिएको ।

→ स्वास्थ्य कर्मीहरुलाई AMR, डाटा भेरीफिकेसन,पाम्स भि-२ लगायताका तालिम सम्पन्न गरिएको छ।

→ क्षयरोग पत्ता लागाउन शक्तिखोर स्वास्थ्य वरपरका शंकास्पद ब्यक्तिअरुको ए आइ एक्सरे प्रयोग गरी परिक्षण गरिएको।

राजेश कोइराला
इन्जिनियर

→ न्युनतम सेवा मापदण्ड को मापन गरि शक्तिखोर स्वास्थ्य चौकी चितवन जिल्लामा सवैभन्दा उच्च अंक प्राप्त गरी सर्वोत्कृष्ठ संस्था घोषणा भएको।

→ कालिका नगरपालिकाको ५ बर्ष मुनिका सबै बालबालिकाको पोषण अबस्था लेखाजोखा सम्पन्न गरी कुपोषित बालबालिकाहरुलाई ओ टी सी मा भर्ना गरिएको ।

→ कुपोषण दर बढी भएको कालिका ११ का सुनौला हजार दिनका घर परिवारलाई आय आर्जन मुलक कार्यक्रममा समाहित गरिएको ।

**कालिका नगर अस्पतालः**

→ स्वास्थ्य बिमामा आबद्द हुनु भएको सेवाग्राहीलाई स्वास्थ्य बिमा मर्फत र स्वाथ्य बिमा नभएको सेवाग्रहिलाई अस्पतालबाट नियमित रुपमा स्वास्थ्य सेवा प्रवाह निरन्तर रहेको ।

→ २४ सै घण्टा ईमर्जेन्सी सेवा संचालनमा रहेको साथै आमासुरक्षा कार्यक्रम मार्फत २४ सै घण्टा सुत्केरी सेवा प्रदान गरिएको ।

→ अस्पतालका ०३ वटा कोठाबाट ओ पि डी सेवा संचालन गरि दैनिक ३५० जना भन्दा माथि विरामीहरुलाई सेवा प्रदान गरिएको ।

→ अस्पतालबाट बालरोग, स्त्रीरोग, हाडजोर्नी ,सर्जरी बिशेषज्ञ सेवा र रेडियोलोजिष्ट सेवा संचालन निरन्तर रहेको ।

→ अस्पतालको भौतिक संरचना मर्मत तथा सुदृढिकरण गर्दै लगिएको ।

→ टिकट काउन्टर बिस्तार गरि २ वटा बनाईएको र सेवालाई छिटो छरितो बनाउन सर्भर सहितको प्रणाली सुधार गरिएको ।

→ प्रयोगशाला सेवामा बिशिष्टकृत जाँचहरु समेत बिस्तार गरि सेवा निरन्तर रहेको ।

→ सेवा बिस्तार गर्दे लैजाने क्रममा यसै चौमासिक बाट नगर अस्पतालबाट दन्त सेवा प्रारम्भ गरिएको ।

→ वडा पूर्ण खोप सुनिश्चिता कार्यक्रम सम्पन गरिएको ।

→ अस्पतालबाट उपचारात्मक सेवाको साथसाथै समुदाय स्तरमा जन स्वास्थ्य कार्यक्रमहरुलाई उच्च प्रगतिका साथ संचालन गरिएको ।

**शिक्षा ,युवा तथा खेलकुद शाखा:**

→ विद्यालयको अनुगमन तथा सुपरिवेक्षण तथा EMIS सत्यापन कार्य गरिएको ।( सामुदायिक र संस्थागगत)

→ SLC,(कक्षा १२) SEE र आधारभूत तह उत्तीर्ण उत्कृष्ट विद्यार्थीहरुलाई सम्मान कार्यक्रम गरिएको।

→ करार शिक्षक छनौट गर्ने प्रयोजनार्थ विषय विज्ञ सूची प्रकाशित गरिएको।

→ विद्यालयमा करार शिक्षक तथा कर्मचारी पदपूर्तिको कार्य गरिएको।

→ विद्यालयको लेखा परिक्षण गर्न लेखा परिक्षकको नियुक्ती गरिएको ।

→ शिक्षकहरुको / प्रधानाध्यापकहरुको क्षमता विकास तालिम सञ्चालन गरेको

→ शिक्षकहरुको मासिक रुपमा तलव निकाशाको सिफारिस गरिएको



राजेश कोइराला
इन्जिनियर

→ आवश्यकता अनुसार शिक्षा समिति/ समाजिक विकास समिति बैठक आह्वान गरिएको

→ विषयगत शिक्षक कार्यशाला सञ्चालन भएको ।

→ विविध निकाशा/विद्यालयको निकाशा सम्बन्धी कार्य गरिएको। ( दिवा खाजा ,सेनेटरी प्याड विद्यालय व्यबस्थापन अनुदान)

→ शैक्षिक स्थिति प्रतिवेदन निर्माण गरिएको ।

→ अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वियन गरिएको ।

→ तथ्याङ्क सङ्कलन र विश्लेषण, नियमानुसार हुने करार शिक्षक छनौट र सिफारिस गरिएको

→ विद्यालयमा विषयगत समिति निर्माण तथा कार्यशाला सञ्चालन गरिएको

→ विषयगत रुपमा प्रश्नपत्र बैङ्क निर्माण कार्य गरिएको

→ बालवालिकाहरूलाई मेयर केयर कार्यक्रम मार्फत छात्रवृत्ति वितरण गरिएको

→ शिक्षकलाई मागमा आधारित कार्यस्थलमा तालिम,सञ्चालन गरिएको

→ विद्यालय सुधारको लागि भौतिक निर्माणको कार्यक्रम सञ्चालन र अनुगमन,अनुदान निकासा गरिएको

→ समावेशी / विशेष शिक्षा सञ्चालन अनुदान निकासा गरिएको

→ शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोगको कार्यक्रम सञ्चालन गरिएको

→ कक्षा ८ र ५ को अन्तिम परीक्षा सञ्चालन र प्रमाणीकरण, लब्धाङ्क वितरण गरिएको

→ विद्यालय सञ्चालन तथा कक्षा थपको अनुमति प्रदान गरिएको

→ शिक्षकहरुको विषयगत तथा विज्ञ समितिको गठन तथा परिचलान गरिएको

→ तथ्याङ्क अध्यावधिकका लागि IEMIS तालिम कार्यक्रम सञ्चालन गरिएको

→ माथिल्लो निकायबाट आएका सूचना तथा परिपत्र विद्यालयमा सम्प्रेषणको कार्य गरिएको

→ पञ्चबर्षीय शैक्षिक कार्य योजना निर्माण गरी कार्यान्वयन गरिएको

→ विद्यार्थी भर्ना कार्यक्रम र विद्यालय बाहिर रहेका बालबालिकाको लगत संकलन तथा भर्ना अभियानको कार्यक्रम सञ्चालन गरिएको

→ बार्षिक बजेट निर्माण (नगरपालिकाको आन्तरीक स्रोत तर्फ),

→ नियमित प्र.अ./प्रिन्सिपल बैठक सञ्चालन,

→ विद्यालयमा सञ्चालन गरिएका कार्यक्रमहरूमा सहजीकरण र आवश्यक पृष्ठपोषण प्रदान गरिएको

**गै.स.स. समन्नवय साखाः**

→ यस अवधिमा विभिन्न १६ वटा गै.स.स. ले आ. वा. २०८३ / ०८४ मा आफ्नो कार्यक्रम कालिकामा संचालनका लागि कालागी प्रस्तुत गरेका छन ।

राजेश कोइराला
इन्जिनियर

**न्यायिक समितिः**

→ न्यायिक समितिको बैठकः नियमित बस्ने गरिएको,

→ न्यायिक समिति र मेलमिलापकर्तालाई क्षमता विकास सम्बन्धी अन्तरक्रिया कार्यक्रम संञ्चालन गरिएको

→ प्रत्येक वडामा मेलमिलाप केन्द्र संञ्चालन गरिएको

→ अनलाइन प्रक्रियाबाट मुद्दा दर्ता गरिएको र मेलमिलापको माध्यमबाट विवाद समाधानलाई प्रभावकारी तुल्लाई शिघ्र न्याय सम्पादन गरिएको

→ न्यायिक समितिमा दर्ता भएका विवादको संख्या-३० वटा

→ मेलमिलापको माध्यमबाट फर्छयौट भएका संख्या -२४ वटा

→ फर्छयौट हुन बाँकी विवादको संख्या – ६ वटा

**पशु सेवा साखाः**

पशु सेवा शाखाले नियमित सेवा प्रवाहलाई प्रभावकारी बनाउदै आ.व. २०८२/८३ को अन्तिम चौमासिकमा देहाय बमोजिको कार्यहरु सम्पन्न गरेको व्यहोरा जानकारी गर्दछु |

→

→ औषधी उपचार सेवा तर्फ कुल ४३९१ पशुहरुको स्वास्थ्य परिक्षण गरी उपचार सेवा प्रदान गरिएको छ।

→ गाईभैंसिमा लाग्ने खोरेत रोग बिरुद्ध ५५२८ पशुलाई खोप कार्य सम्पन्न गरिएको छ।

→ रेबिज रोग बिरुद्ध ३१७ पशुहरुमा नि:शुल्क खोप लगाईएको छ |

→ २२०८८ भेडाबाख्रालाई पि.पि.आर. रोग बिरुद्ध खोप लगाउने कार्य सम्पन्न भैसकेको छ |

→ लम्पि स्किन रोग बिरुद्द करिब ३४५८ पशुहरुमा खोप कार्य सम्पन्न गरिएको छ।

→ कृत्रिम गर्भाधान सेवा तर्फ ६४० गाई तथा ६३ भैंसिहरुमा गरी जम्मा ७०३ पशुहरुमा कृत्रिम गर्भाधानकर्ताहरु मार्फत सेवा उपलब्ध गराईसकिएको छ।

→ प्रति लिटर दुधमा अनुदान अन्तर्गत सात वटा दुग्ध उत्पादक सहकारी मार्फत कृषकहरुलाई करिब १ करोड पाँच लाख रुपैंया अनुदान वितरण गरिसकिएको छ।

→ पशु बन्ध्याकरण तर्फ ३७६ भाले पशुको मेसिन प्रयोग गरी तथा २७२ सामुदायिक कुकुरको शल्यक्रिया विधिबाट बन्ध्याकरण गरिएको छ।

→ प्रयोगशाला सेवा तर्फ जम्मा ५९३ पशुहरुको गोबरको नमुना परिक्षण गरिएको छ।

→ बिमा गरिएका पशुहरुको मृत्युबापत प्राप्त हुने क्षतिपुर्तिको लागी बिमा कम्पनिलाई २० वटा सिफारिस पत्र प्रदान गरिएको छ।

→ संघ र प्रदेश सरकारबाट उपलब्ध भएका शसर्त अनुदानका विभिन्न कार्यक्रमहरु सम्पन्न भई भुक्तानि भैसकेको छ। साथै स्थानिय तहतर्फका अनुदानका सम्पुर्ण कार्यक्रमहरु पनि समापन भई भुक्तानी समेत भैसकेको ब्योहोरा समेत जानकारी गराउदछु।

**उद्योग व्यवसाय दर्ताः**

राजेश कोइराला
इन्जिनियर

नयाँ उद्योग व्यवसाय दर्ता - ९२

नविकरण भएको - १५२

उद्योग व्यवसाय बन्द : ५४ (स्थिर पुजी पाँच लाख भन्दा बढी भएकाले)

**गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमः**

→ सामाजिक परिचालन (अभिमुखीकरण , घरधुरी सर्वेक्षण, समूह गठन )

→ उद्यमशीलता तालिम सम्पन्न

→ आधारभुत ब्युटी पार्लर तालिम सम्पन्न

→ एडभान्स ब्युटी पार्लर तालिम सम्पन्न

→ बारिष्टा तालिम सम्पन्न्न

**सहकारी संस्थाः**

→ कालिका नगरपालिका कार्यक्षेत्र भएका ३६ वटा सहकारी सस्थाहरु मध्ये २९ वटाको साधारण सभा सम्पन्न ।

**शहरी विकास तथा भवन शाखाः**

आर्थिक वर्ष २०८२/८३ मा सम्पादित कार्यहरू

→ घर नक्सा पासका लागी सूचना प्रकाशन = ७४ वटा

→ घर नक्सा पास गरी भवन निर्माण सम्पन्न प्रमाण पत्र जरी = ३७ वटा

→ निर्माण सम्पन्न भवन अभिलेखीकरण / नियमित लागी सूचना प्रकाशन = ६७ वटा

→ निर्माण सम्पन्न भवन अभिलेखीकरण / नियमित प्रमाण पत्र जरी = ३३ वटा

→ घर नक्सा नामसारी सेवा =२० वटा

→ घर नक्सा कित्ता नम्बर संशोधन सेवा = १० वटा

→ सूचिकृत घर / भवन निर्माण कर्मी / ठेकेदार नवीकरण = २३ वटा

→ नयाँ घर / भवन निर्माण कर्मी / ठेकेदार सुचिकरण = १३ वटा

**स्थानीय भूउपयोग तथा सर्वेक्षणः**

→ स्थानीय भूउपयोग परिषदको बैठक = ७ वटा

→ बाटो लगत कट्टा सिफारिस सेवा = ५ वटा

→ जग्गा नापी एवं सीमाङ्कनका लागी अमिन / सर्वेक्षक माग निवेदन सङ्ख्या = १३९

→ जग्गा नापी एवं सीमाङ्कनका लागी अमिन / सर्वेक्षक सेवा प्रदान गरेको सङ्ख्या = ११९

→ जग्गा नापी एवं सीमाङ्कनका लागी अमिन / सर्वेक्षक सेवा बाँकी २० वटा (सम्पर्कमा नआएको र खेति बालीको कारण नापजाच गर्न असहज भएकोले )

राजेश कोइराला
इन्जिनियर

**भूमि आयोगको काम सम्बन्धीः**

→ नगर स्तरीय बैठक १

**सुरक्षित आप्रवासन सम्बन्धि कार्यक्रम ( मनोसामाजिक परामर्श सेवा )**

→ यस कालिका नगरपालिकाभित्र वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित, व्यवस्थित र उपलब्धिमूलक बनाउने उद्देश्यका साथ सुरक्षित आप्रवासन (SaMi)कार्यक्रमको चौथो चरणको कार्यान्वयन मोडालिटी र मानसिक स्वास्थ्य सम्बन्धी नगरस्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको जसमा ३९ पुरुष र १३ महिला गरी जम्मा ५२ जनाको सहभागिता रहेको ।

→ यस कालिका नगरपालिका क्षेत्रभित्रका वैदेशिक रोजगारीको सिलसिलामा वैदेशिक रोजगारका लागि गएका कामदार र निजका परिवार वैदेशिक रोजगारीका कारणले मनोसामाजिक तथा मानसिक समस्या भोगिरहेका व्यक्ति र निजका परिवार महिला संख्या – ३१, पुरुष संख्या – ४ गरी जम्मा ३५ जनालाई पारिवारिक मनोशिक्षा र व्यक्तिगत मनोपारामर्श सेवा दिइरहेको।

→ समृद्ध कालिका सुखी कालिकाबासीका साथ मानसिक सु-स्वास्थ्यसम्बन्धी सरोकारवालाहरूसंँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको जसमा पुरुष संख्या – २५ र महिला संख्या – २० गरी जम्मा ४५ जनाको सहभागिता रहेको।

→ साथै वैदेशिक रोजगारीका सम्बन्धित विविध समस्या (उद्धार, मृतकको सब झिकाउने, खोजतलास,अंगभंग, बीमा,ठगी)सम्बन्धमा सहजीकरण गरिएको गरिएको।

**हेवी इकुप्मेट सञ्चालनः**

१.व्यक होई लोडर (J.C.B) (दर प्रति घण्टा २८००/-)

| क्र.स | विवरण | चलेको समय (घण्टा) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति | ३१.४ | ८७,९२०।- | |
| २ | निर्माण ब्यबसायी | ३०.२ | ८४,५६०।- | |
| ३ | व्यक्तिगत | ३९.८ | १,११,४४०।- | |
| ४ | वडा सिफारिस | २५५.२ | ७,१४,५६०।- | |
| ५ | कार्यालय प्रयोजन | ४०४.३ | ११,३२,०४०।- | |
| | जम्मा | ७६०.९ | २१,३०,५२०।- | |

२.ग्रेडर

| क्र.स | विवरण | चलेको समय (घण्टा) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति | २२.४ | १,१२,०००।- | |
| २ | निर्माण ब्यबसायी | २८.७ | १,७२,२००।- | |
| ३ | व्यक्तिगत | २७.५ | १,६५,०००।- | |
| ४ | वडा सिफारिस | २९.३ | १,४६,५००।- | |
| ५ | कार्यालय प्रयोजन | ११.१ | ५५,५००।- | |

राजेश कोइराला
इन्जिनियर

| | | | |
|---|---|---|---|
| जम्मा | ११९ | ६,५१,२००।- | |

३.मिनी टिप्पर(प्रति कि.मि-२५०)

| क्र.स | विवरण | चलेको कि.मि | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति | ७३३ | १,८३२,५०।- | |
| २ | निर्माण ब्यबसायी | | | |
| ३ | व्यक्तिगत | १२८ | ३२,०००।- | |
| ४ | वडा सिफारिस | २८६० | ७,१५,०००।- | |
| ५ | कार्यालय प्रयोजन | १३५५ | ३,३८,७५०।- | |
| | जम्मा | ४९७६ | १२,६९,०००।- | |

**निर्माणजन्य खनिज पदार्थ ब्यबस्थापनः**

१. ग्रावेल बिक्रि वितरण (प्रति घन मिटर रु. ७३४।५०)

| क्र.स | विवरण | खपत परिमाण (घन मिटर) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति | १८० | १,३२,२१०।- | |
| २ | निर्माण ब्यबसायी | | | |
| ३ | व्यक्तिगत | ४१० | ३,०१,१४५।- | |
| ४ | वडा सिफारिस | १०४० | ७,६३,८८०।- | |
| ५ | कार्यालय प्रयोजन | १५१ | १,१०,९०९।५ | |
| | जम्मा | १७८१ | १३,०८,१४४।५ | |

२. ढुङ्गा बिक्रि वितरण (प्रति घन मिटर रु. १३००।-)

| क्र.स | विवरण | खपत परिमाण (घन मिटर) | जम्मा रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपभोक्ता समिति | | | |
| २ | निर्माण ब्यबसायी | | | |
| ३ | व्यक्तिगत | ३०३ | ३,९३,९००।- | |
| ४ | वडा सिफारिस | १५५ | २,०,१५००।- | |
| ५ | कार्यालय प्रयोजन | १०० | १,३०,०००।- | |
| | जम्मा | ५५८ | ७,२५,४००।- | |

**योजना तथा अनुगमन उपशाखाः**

राजेश कोइराला
इन्जिनियर

| सि.न. | वडा | जम्मा योजना संख्या | सम्झौता भएका | भुक्तानी भएका |
|---|---|---|---|---|
| १. | १ | १९ | १९ | १९ |
| २ | २ | १८ | १८ | १८ |
| ३. | ३ | १७ | १७ | १७ |
| ४ | ४ | १० | १० | १० |
| ५ | ५ | १६ | १६ | १६ |
| ६ | ६ | ३१ | ३१ | २९ |
| ७ | ७ | २९ | २९ | २८ |
| ८ | ८ | २९ | २९ | २९ |
| ९ | ९ | ३१ | ३१ | ३१ |
| १० | १० | २५ | २५ | २४ |
| ११ | ११ | २२ | २२ | २१ |
| जम्मा योजना | | २४७ | २४७ | २४२ |

उल्लेखित विवरणमा ठेक्कावाट सन्चालित योजनाहरु समावेस भएका छैनन् ।

**पूर्वाधार विकास साखाः**

यस आ.व २०८२/०८३ मा कुल ठेक्का लगाई सम्झौता भएको योजना संख्या: २९ वटा,

यस आ.व २०८२/०८३ भित्र सम्पन्न हुने गरि सम्झौता भएका योजनाहरु : २५ वटा

आगामी आ.व २०८३/०८४ भित्र सम्पन्न हुने गरि सम्झौता भएका योजनाहरु: ४ वटा

ठेक्का लगाईएको योजनाको कार्यान्वयनको अवस्था ।

| सि.नं | योजनाको नाम र योजना स्थल | अवस्था | कैफियत |
|---|---|---|---|
| १. | चपागौडी देखि बुङखोला हुँदै सेरबास सडक स्तरोन्नति, कालिका ८ | बेश सम्म तथा सडक नाला निर्माण कार्य भएको , ५५ % भौतिक प्रगति । निर्माण सम्पन्न हुन नसकेको । | बिउटामिन अभाबको कारण |
| २. | वडा नं ४ र ५ को सिमाना सडक बि.पी चोक देखि उत्तर पदमपुर सामुदायिक वन सडक कालोपत्रे, वडा नं ४ र ५ | निर्माण सम्पन्न भएको | |

राजेश कोइराला
इन्जिनियर

| | | | |
|---|---|---|---|
| ३. | समिपुर माध्यमिक बिधालय भवन निर्माण, कालिका १ | निर्माण सम्पन्न भएको | |
| ४ | खोलेसिमल कमलचोक क्लबचोक जुटपानीबजार हुँदै शक्तिखोर सडक स्तरोंनती | निर्माण कार्य सम्पन्न हुन नसकेको । बेश सम्म मात्र कार्य भएको । | बिउटामिन अभाबको कारण |
| ५. | विभिन्न सडक निर्माण वडा नं ५ (५ वटा योजना एकीकृत गरी ठेक्का भएको) | बेश सम्म निर्माण कार्य भएको , करिब ५० % भौतिक प्रगति । निर्माण सम्पन्न हुन नसकेको । | बिउटामिन अभाबको कारण |
| ६. | विभिन्न सडक स्थारोंनती कालिका ८ र ९ (२ वटा योजना एकीकृत गरी ठेक्का भएको) | बेश सम्म निर्माण कार्य भएको , ५५ % भौतिक प्रगति । निर्माण सम्पन्न हुन नसकेको । | बिउटामिन अभाबको कारण |
| ७. | विभिन्न सडक निर्माण वडा नं २ (२ वटा योजना एकीकृत गरी ठेक्का भएको | बेश सम्म निर्माण कार्य भएको , करिब ५५ % भौतिक प्रगति । निर्माण सम्पन्न हुन नसकेको । | बिउटामिन अभाबको कारण |
| ८. | विभिन्न सडक निर्माण वडा नं ३ (४ वटा योजना एकीकृत गरी ठेक्का भएको) | बेश सम्म निर्माण कार्य भएको , करिब ५५ % भौतिक प्रगति । निर्माण सम्पन्न हुन नसकेको । | बिउटामिन अभाबको कारण |
| ९ | प्रि प्याब भवन निर्माण वडा कार्यालय ६ | निर्माण सम्पन्न भएको । | |
| १० | प्रि प्याब भवन निर्माण वडा कार्यालय ४ | निर्माण सम्पन्न भएको । | |
| ११ | महिला संजाल भवनमा विधुतीय कार्य तथा नगर सभा हल सजावट कार्य | निर्माण सम्पन्न भएको । | |
| १२. | पिपरिया विद्यालय अधुरो भवन निर्माण-२ | निर्माण सम्पन्न भएको । | |
| १३. | जनहित माध्यामिक विद्यालय भवन निर्माण - ३ | निर्माण सम्पन्न भएको । | |
| १४. | थांगखोला देखि खगेरी खोला सम्म नदी नियन्त्रण योजना | निर्माण सम्पन्न भएको । | |
| १५. | समिपुर देखि पूर्व तर्फ बाँकी नाला लाईनिंग-२ | निर्माण सम्पन्न भएको । | |
| १६. | ५ नं वडा कार्यालय भवन मर्मत कार्य | निर्माण सम्पन्न भएको । | |
| १७. | कुलो सिंचाई लाईनिंग वडा नं ६ र ७ | निर्माण सम्पन्न भएको । | |
| १८. | कालिका मन्दिर कम्पाउण्ड निर्माण -८ | निर्माण कार्य भईरहेको । | |
| १९. | लाहुरेचोक प्रकाश मेडिकल सडक स्तरोन्नती कालिका २ र ७ | निर्माण सम्पन्न भएको । | |
| २०. | विभिन्न सडक निर्माण वडा नं १ र ४ | बेश सम्म निर्माण कार्य भएको , करिब ५५ % भौतिक प्रगति । निर्माण सम्पन्न हुन नसकेको । | बिउटामिन अभाबको कारण |

गणेश कोइराला
इन्जिनियर

| | | | |
|---|---|---|---|
| २१. | कालिका ११ नं वडा देखि माझवांङ हुँदै राप्ती १-ठकुरी भन्ज्याङसम्मको कृषि सडक, कालिका न.पा | निर्माण सम्पन्न भएको । | |
| २२. | मदन आश्रित चोक देखि पश्चिम सिता (कविता) न्यौपानेको घर चोक सम्म कालोपत्रे-४ | आ.व २०८३/०८४ कार्तिक मसान्तमा समपन्न हुने गरि सम्झौता भएको । | |
| २३. | गोपीलामा घर चोक देखि उदयपुर् सामुदायिक वन र काठेपुल देखि रुम्बाटोल कालोपत्रे -७ | आ.व २०८३/०८४ कार्तिक मसान्तमा समपन्न हुने गरि सम्झौता भएको । | निर्माण कार्य भई रहेको । |
| २४. | बोरिंग निर्माण वडा नं ३,४ र ७ | ९ वटा बोरिंग निर्माण कार्य सम्पन्न भएको । | |
| २५. | बोरिंग निर्माण वडा नं १,५ र ६ | ११ वटा बोरिंग निर्माण कार्य सम्पन्न भएको । | |
| २६. | सडक बोर्ड मर्मत अन्तर्गत साझेदारी कार्याक्रम | कार्य सम्पन्न हुन नसकेको । | बिउटामिन अभाबको कारण |
| २७. | चितवन जिल्ला कालिका नगरपालिकामा बुढाथोकी घोल पार्क निर्माण | निर्माण कार्य भईराखेको । ८५ % भौतिक प्रगति | |
| २८. | मिना मरहट्ठाको घर देखि आत्मज्ञान गुरौटोल कालोपत्रे | निर्माण कार्य भईरहेको । सव बेशको कार्य भईरहेको । आ.व २०८३/०८४ श्रावण मसान्त सम्म सम्पन्न हुने गरि सम्झौता भएको । | |
| २९. | तुलसी खनालको घर छेउ देखि भिम पनेरुको घर सम्म बाटो कालोपत्रे -६ | आ.व २०८३/०८४ कार्तिक मसान्त सम्म सम्पन्न हुने गरि सम्झौता कार्य चरणमा । | |

**पूर्वाधार निर्माण कार्यहरुको तथ्यांकगत विवरण:**

**क. सडक निर्माण**

१.कालोपत्रे सडक निर्माण :- २,०६८ मि.

२.ग्रावेल/उच्चस्तरीय सडक :- ५,२८९ मि.

३.कच्ची सडक/नयाँ ट्र्याक :- ६,७९० मि.

४.सडक मर्मत कालोपत्रे :- २,६२४ मि.

५.ढलान सडक :- २०९.५ मि.

६. फुटपाथ निर्माण : ३९६.८ मी.

**ख. सडक नाला निर्माण**

१. ढलान (RCC):- २,१८५ मि.

२. Masonry (ढुंगा/इट्टा):- १७३ मि.

राजेश कोइराला
इन्जिनियर

३.कच्ची नाला:- १,८५७ मि.

ग. सिंचाई कुलो निर्माण

१. ढलान (RCC):- ३,११० मि.

२. Masonry (ढुंगा/इट्टा):- ३३ मि.

३. कच्ची नाला:- ६१८.४ मि.

४. पाईप बिस्तार- ५,०२६ मि.

घ. भवन निर्माण / मर्मत

१.विध्यालय भवन:- ६ वटा

२. वडा भवन:- ४ वटा

३. सामुदायिक भवन,मन्दिर,गुम्बा,गुठि,चर्च निर्माण /मर्मत:- १७ वटा

४. सत्तल निर्माण:- ४ वटा

ङ. पुल, कल्वर्ट निर्माण तथा विस्तार:- ७ वटा

च. खानेपानी

१. पाईप लाईन विस्तार:- ४,२८३ मि.

२. टंकी निर्माण:- ५ वटा

३. घर धुरी धारा: २९ वटा

छ. बोरिंग/Chamber बिस्तार

१. बोरिंग:- २० वटा

२. च्याम्बर विस्तार:- ४२ वटा

ज. तटबन्धन:-(ग्याबिवन कार्य):- ९८८.७८ मि.

झ. कम्पाउण्ड वाल (Compound Wall) निर्माण:- ५५६.४ मि.

वन वातावरण तथा विपद् व्यवस्थापन साखाः

→ **वन वातावरण तथा विपद व्यवस्थापन समितिको बैठक** - आ. ब. २०८२/०८३ मा वातावरण तथा विपद व्यवस्थापन समितिको समितिको ९ वटा बैठक बाट बिभिन्न ३१ निर्णयहरू भएका छन् ।

→ **नगर विपद व्यवस्थापन समितिको बैठक** - आ. ब. २०८२/०८३ मा नगर विपद् व्यवस्थापन समितिको ३ वटा बैठक बाट बिभिन्न २३ निर्णयहरू भएका छन् ।

विपद् व्यवस्थापन

राहत तथा पुनर्स्थापना कार्यक्रम

→ बाढी पहिरो जन्य विपदमा परेका ५ घर परिवार लाई कुल राहत रकम रु. ६०,०००/- उपलब्ध गराइएको ।

→ चट्याङ जन्य विपदमा परेका परि पशु चौपायाको क्षति परिवार लाई कुल राहत रकम रु. ६००००/- उपलब्ध गराइएको ।

राजेश कोइराला
इन्जिनियर

→ आगलागी जन्य विपदमा परेका परेका ७ घर परिवार लाई परिवार लाई कुल राहत रकम रु. ७२,०००/- उपलब्ध गराइएको।

→ हावाहुरीमा जन्य विपदमा परेका परेका ५ घर घर परिवारलाई परिवार लाई कुल राहत रकम रु. ५०,०००/- उपलब्ध गराइएको ।

**पूर्वाधार पुनः निर्माण कार्यक्रम**

→ बाढी पहिरोमा परि क्षति भयको स्थानहरूमा जोखिम न्यूनीकरण / रोकथामको लागि पूर्वाधार निर्माणको लागि ५९ थान ग्याबिन जाली वितरण गरिएको।

→ विपद वाट क्षति भयका विभिन्न पूर्वाधार निर्माणको नगर विपद व्यवस्थापन कोष बाट कुल रकम रु. १०,२५,०००/- उपलब्ध गराई पुनः निर्माण कार्य सम्पन्न भएको ।

**विपद पुर्व तयारी एवं सचेतना कार्यक्रम**

→ नगरपालिका क्षेत्र भित्र रहेका सबै ५ वटा सामुदायिक बन उपभोक्ता समूहका पदाधिकारीहरू लाई एक दिने बन डढेलो जन्य विपद व्यवस्थापन सम्बन्धी अभिमुखीकरण एवं सचेतना मूलक कार्यक्रम सम्पन्न।

→ नगरपालिका सबै वडा सदस्यहरू र सबै जुनियर रेडक्रस सर्कल, बाल सञ्जाल, स्काउट मा संलग्न विद्यार्थीहरू लाई लाई घरायसी आगलागी बायु प्रदुषण सचेतना सम्बन्धी एक दिने अभिभुखिकरण कार्यक्रम सम्पन्न।

→ नगरपालिकाका का ११ वटै वडामा वडा विपद व्यवस्थापन समितिको पुनः गठन भएको छ।

→ नगरपालिकाका प्रवेश गर्ने प्रमुख सडकहरूमा रहेका विपद जन्य रूखहरू हटाउने कार्य प्रारम्भ भएको छ।

→ विद्यालयका वालल्कब, जुनियर रेडक्रस, स्काउट, नगर स्तरिय वालसन्जाल का बिध्यार्थीहरुलाई मनसुन पुर्व विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सचेतना कार्यक्रम सम्पन्न भएको' सहभागी संख्या - १६०

→ मनसुन पुर्व विपद् व्यवस्थापन सचेतना कार्यक्रम सम्पन्न भएको, सहभागी संख्या - ९० - वडा नं. १, २, ४ र ६ का वढी ग्रस्त क्षेत्रका टोल विकास समितिका पदाधिकारीहरु।

→ बाढी ग्रस्त क्षेत्रका टोल विकास समितिका पदाधिकारीहरु लाइ मनसुन पुर्व विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन सचेतना कार्यक्रम सम्पन्न भएको, सहभागी संख्या - ८० - वडा नं. ३ र ७ का

→ विपद् व्यवस्थापन सम्बन्धी असल अभ्यास आदन - प्रदान कार्यक्रम - ०१

→ तिस भन्दा बढी प्रकारका विपद ब्यबस्थापन प्रतिकार्य समाग्रीहरु खरिद गरी तयारी अवस्थामा राखिएको।

**वातावरण व्यव्स्थापन**

**वातावरणीय अध्ययन कार्यक्रम**

→ वडा नं १० मोटरेवल पूल IEE सम्पन्न भै कार्यान्वयन भएको।

→ थाङ्गखोला तटबन्धन IEE सम्पन्न भै कार्यान्वयन भएको।

→ नदि जन्य पदार्थ ब्यवस्थापन सम्वन्धमा तीनवटा खोलाहरू (कयारखोला, थाङ्गखोला,बुङ्गखोला IEE सम्पन्न)।

→ फोहोर व्यवस्थापन को लागि ४ स्थानमा IEE सम्पन्न।

राजेश कोइराला
इन्जिनियर

→ कालिका नगरपालिका अन्तर्गतका खानेपानी तथा सरसफाइ उपभोक्ता समुहका अध्यक्षहरू सँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न ।

→ निजी जमिनबाट माटोजन्य पदार्थ उत्खनन तथा दिगो व्यवस्थापनका लागि IEE सम्पन्न भै कार्यान्वयन भएको ।

→ जलवायु परिवर्तन सम्बन्धी सचेतना एवम विपद्जन्य घटनामा प्राथमिक उपचार सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको, सहभागी संख्या - ११० - विद्यालयका वालल्कब, जुनियर रेडक्रस, स्काउट, नगर स्तरिय बालसन्जाल ।

**फोहर मैला व्यवस्थापन साखाः**

→ स्थाई फोहर प्रशोधन केन्द्र एवम फोहर व्यव्थापन केन्द्र निर्माणका लागि आवश्यक जग्गा प्राप्तिका लागि शहरी विकास मन्त्रालय, शहरी पुर्वाधार प्रविधि अनुसन्धान तथा तलिम केन्द्र बबरमहलमा प्रस्ताव पेश गरिएको ।

→ डिभिजन बन कार्यालय भरतपुर र उदयपुर सामुदायिक बन उपभोक्ता समितिको सहमति प्राप्त भै उदयपुर सामुदायिक बन क्षेत्रभित्रको हैसियत बिग्रिएको बन क्षेत्रमा आस्थाइ फोहरमैला बिसर्जन केन्द्र निर्माण भैरहेको ।

→ पाँच जना सरसफाई कर्मचारी नियुक्त गरी फोहर मैला ब्यबस्थापन कार्य प्रारंभ गरिएको ।

**बन व्यवस्थापन**

→ यस आ.व २०८२/२०८३ को लागि कालिका नगरपालिका भित्र रहेको ८ ओटा सामुदायिक वनको कार्ययोजना स्वीकृत गरिएको ।

→ कालिका नगरपालिका र लुमन्ती संस्थाको सहकार्यमा कालिका नगरपालिका भित्र रहेको सामुदायिक वन लाई १ दिने वन डढेलो नियन्त्रण साथै वायु प्रदुषण जोखिम न्यूनीकरण कार्यक्रम सम्पन्न भयको ।

**कृषि शाखाः**

→ केरा प्रवर्द्धन कार्यक्रम ५०% अनुदान मार्फत १८ बिघा क्षेत्रफलमा केरा खेतीको क्षेत्र विस्तार गरिएको छ।

→ रैथाने बाली प्रवर्द्धन कार्यक्रम अन्तर्गत ४००० के.जी अदुवाको बिउ वितरण गरिएको छ।

→ कृषिमा आधुनिकीकरण तथा यान्त्रिकीकरण अन्तर्गत ५० % अनुदान सहयोगमा कालिका नगर क्षेत्र भित्रका कृषक वर्गहरुमा मकै रोप्ने मेशिन ६ वटा, मकै छोडाउने मेशिन १३ वटा, मिनिटिलर ७ वटा, झार गोड्ने मेशिन २ वटा र डिजिटल काँटा ११ वटा वितरण कार्य सम्पन्न भएको छ ।

→ ५०% अनुदानमा मल्चिङ प्लास्टिक वितरण अन्तर्गत २२ लाभग्राही कृषकहरुलाई १४३ रोल मल्चिङ प्लास्टिक वितरण कार्य सम्पन्न भएको छ।

→ सङ्घीय सरकारसँगको सहकार्यमा किसान सूचिकरण कार्यक्रम अन्तर्गत कालिका नगर क्षेत्र भित्रका १९१५ जना कृषकवर्गलाई किसान सूचीकरण सफ्टवेयर प्रणालीमा सूचिकृत गरिसकिएको छ। सूचीकरण कार्य निरन्तर चलिरहेको र सूचीकरण सम्पन्नता पश्चात परिचय पत्र वितरण गरिनेछ।

→ च्याउ प्रवर्द्धन कार्यक्रम ५० % अनुदान अन्तर्गत च्याउ खेती गर्ने कृषकहरुको माग बमोजिम स्थायी टहरा निर्माण देखि विभिन्न यन्त्र उपकरणहरु ५० % अनुदानमा उपलब्ध गराइएको छ ।

राजेश कोइराला
इन्जिनियर

→ बीउ बितरक सहकारी मार्फत ५० % अनुदानमा ६००० के.जी धानको उन्नत बीउ वितरण कार्य सम्पन्न भएको छ ।

→ साना तथा मझौला सिँचाई कार्यक्रम अन्तर्गत विभिन्न १२ वटा योजनाहरु- जलवायूमैत्री थोपा सिँचाई प्रविधि जडान देखि भूमिगत पाइपलाइन सिँचाई संरचना विस्तार सम्मको कार्यहरु सम्पन्न भएका छन् ।

→ मौरी पकेट कार्यक्रम अन्तर्गत मौरीपालक कृषकहरुको माग आवश्यकता अनुसार मौरी घार, फिडर, कालिका नगरपालिकाको मौरी कृषकको पहिचान सहितको मौरी ड्रेसहरु लगायत प्रतिकुल मौषममा मौरी गोला संरक्षणका लागि बैकल्पिक आहाराका रुपमा चिनि चास्नी खुवाउन चिनि वितरण कार्य सम्पन्न गरिएको छ।

→ गरिबी निवारणका लागि चेपाङ समुदायको आयआर्जन तथा जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत वडा नं ९, १० र ११ मा तरकारी खेती तथा बाख्रापालन तालिम सम्पन्न गरी कृषकहरुलाई तरकारी खेती सामग्री र बाख्राका प्रजनन योग्य पाठीहरु हस्तान्तरण गरिएको छ।

→ अनुदानको रसायनिक मल व्यवस्थापन अन्तर्गत आ.व. २०८२/८३ मा हालसम्म युरिया मल –१०,०८० बोरा, डि ए पी मल – ७,९३० बोरा, पोटास मल - १,०६० बोरा विभिन्न विक्रेताहरु मार्फत मल कार्ड वाहक कृषकहरुमा वितरण सम्पन्न गरिएको छ ।

## आधुनिक प्रविधी जडानः

→ कालिका नगरपालिकाको ४ वटा वडामा GPS प्रणालि सहितको घर नम्वरीङ र Digital ID सहितको Addressing System जडान कार्य सम्पन्न गरिएको छ ।

## लेखापरीक्षणः

→ कालिका नगरपालिकाको सार्वजनिक लेखा समिति गठन भई समितिले कार्य गरिरहेको ।

→ बेरुजु घटाउने विभिन्न कार्यक्रम संचालन गरिएको ।

→ आर्थिक वर्ष २०८१/०८२ को अन्तिम लेखा परिक्षणभई अन्तिम प्रतिवेदन अनुसार हाल सम्मको अध्यावधिक बेरुजु रु ६,१२,६१,८४९.०० रहेको ।

→ कालिका नगरपालिकाको आ.व २०८१/०८२ को अन्तिम लेखापरीक्षण सम्पन्न भई महालेखापरीक्षक कार्यालयको वार्षिक प्रतिवेदन २०८२ जेष्ठमा लेखापरिक्षण प्रतिवेदन प्राप्त भएको। आ.व. २०८०/०८१ सम्म रु. ५ करोड ६६ लाख ७९ हजार ३ सय १७ बेरुजु बाँकी रहेकोमा आ.व. २०८०/०८१ मा रु. ७० लाख ४३ हजार ३ सय ३३ बेरुजु फछौंट भई साथै आ.व. २०८१/०८२ को प्रारम्भिक प्रतिवेदनमा रु. १ करोड २७ लाख ७१ हजार २ सय ७७ बेरुजु थपिएकोमा सो मध्ये रु.११ लाख ४५ हजार ५ सय ७९ को समपरीक्षण भई बाँकी रु.१ करोड १६ लाख २५ हजार ६ सय ९८ बेरुजु थप भएको छ । थप भएको बेरुजु मध्ये असुल गर्नुपर्ने वेरुजु रु. (0) शुन्य, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ६ लाख ३२ हजार ५ सय र नियमित गर्नुपर्ने रु.१ करोड ०९ लाख ९३ हजार १ सय ९८ रहेको छ । हालसम्म अध्यावधिक कुल वेरुजु आ.व. २०८१/०८२ जम्मा रु.६ करोड १२ लाख ६१ हजार बेरुजु फछौंट हुन बाँकी रहेको छ ।

## राजश्वः

→ व्यवसाय कर र घर बहाल कर न्यून मात्रामा सङ्कलन भएको छ । बजार अनुगमन प्रभावकारी गराउने र स्थलगत मै गई व्यवसाय दर्ता गर्ने तयारीमा छौ ।

राजेश कोइराला
इन्जिनियर

→ नगरबासीले तिरेको कर नगरकै विकासमा लाग्ने हुदा व्यवसाय कर तिर्न, घरबहाल कर तिर्न आम नगरवासीहरुमा अनुरोध गर्दछौं।

**सामाजिक सुरक्षा भत्ता वितरणः**

| वर्ग (चौंथो त्रैमासिक) आ.व ०८२/८३ | जेष्ठ अन्य | जेष्ठ दलित | जेष्ठ एकल महिला | विधवा | अपाङ्गता क | अपाङ्गता ख | दलित बालबालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नयाँ थप | २ | ५ | ० | १९ | ३ | ६ | ११ | ४६ |
| जम्मा | २९१९ | १३७ | ३७४ | ६४५ | ८७ | २५५ | १८६ | ४६०३ |

लगत कट्टा १३ जना

चौंथो त्रै. मा जम्मा वितरित भत्ताः ४ करोड ७१ लाख ३८ हजार २ सय ५९। (रु ४,७१,३८,२५९।- )

**घटना दर्ताः (२०८२ साल चैत्र १ गते देखि २०८३ साल असार २३ सम्म)**

| जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्य को संख्या | दर्ता संख्या | सदस्य को संख्या | |
| १९३ | २०१ | ३९४ | ६३ | ३६ | ९९ | २७ | १५३ | ६४ | २२३ | २९ | ८७ | ७६६ |

**श्रम स्वीकृति / वैदेशिक रोजगारीः**

श्रम स्वीकृति गरि बैदेशिक रोजगारीमा गएका संख्या :- २०१

वैदेशिक रोजगारीमा गइ विरामी तथा अंगभंग भएकाहरुको लागि आर्थिक सहायता सहजिकरण - ४

वैदेशिक रोजगारीमा गएका मृत्यु तथा अंगभंग भएका सन्तती छात्र वृतीका लागि सहजिकरण - ५